आज मिति २०८२ भाद्र १३ गते दिनको १०.०० बजे यस बेनीघाट रोराङ गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर थपलिया (विवेक) ज्यूको अध्यक्षतामा बेनीघाट रोराङ गाउँपालिका कार्यपालिकाको बैठक वसि निम्न निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण बहादुर थपलिया (विवेक) |
| २. | उपाध्यक्ष | श्री टाप बहादुर श्रेष्ठ |
| ३. | वडा अध्यक्ष | श्री जिवन सिं तामाङ |
| ४. | वडा अध्यक्ष | श्री हेमराज भुजेल |
| ५. | वडा अध्यक्ष | श्री भुवन त्रिपाठी |
| ६. | वडा अध्यक्ष | श्री राजु बहादुर मगर |
| ७. | वडा अध्यक्ष | श्री रोशन कुमार सिलवाल |
| ८. | वडा अध्यक्ष | श्री टेकनाथ सिल्वाल |
| ९. | वडा अध्यक्ष | श्री कुमार वस्नेत |
| १०. | वडा अध्यक्ष | श्री राज कुमार श्रेष्ठ |
| ११. | वडा अध्यक्ष | श्री देवि बहादुर खड्का |
| १२. | वडा अध्यक्ष | श्री विकास चेपाङ |
| १३. | कार्यपालिका सदस्य | श्री इन्दिरा कडेल |
| १४. | कार्यपालिका सदस्य | श्री पुष बहादुर वि.क. |
| १५. | कार्यपालिका सदस्य | श्री विन्दा मगराती |
| १६. | कार्यपालिका सदस्य | श्री भिम बहादुर प्रजा |
| १७. | कार्यपालिका सदस्य | श्री राम मायाँ चेपाङ |
| १८. | कार्यपालिका सदस्य | श्री सुन्तली मायाँ तामाङ |
| १९. | सदस्य सचिव (प्र.प्र.अ.) | श्री रामबाबु पौडेल |

आमन्त्रित

| | |
|---|---|
| १. शिक्षा अधिकृत | श्री बोधराज पाठक |
| २. लेखा अधिकृत | श्री सन्तोष अर्याल |
| ३. शाखा अधिकृत | श्री परशुराम घिमिरे |
| ४. इन्जिनियर | श्री प्रकाश सिलवाल |

निर्णय नं. १

गाउँ कार्यपालिकाका यस अघिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनका लागि कार्यपालिका कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस गाउँपालिकाकाको आ.व. २०८२/०८३ देखि आ.व. २०८४/०८५ सम्म ३ आ.व. को लागि विज्ञापन करको ठेक्का आब्हान भएकोमा तोकिएको समय भित्र ४ वटा फर्मवाट वोलपत्र पेश भएको र सो मध्य सवैभन्दा वढी रकम रु १९,४१,४६५।४३ मु.अ.कर सहित कवोल गर्ने विड मिडिया प्रा.लि. मैतिदेवी काठमाण्डौको वोलपत्र सारभूत रुपमा प्रभावग्राही देखि सम्झौताको लागि पत्राचार गरिएकोमा तोकिएको समयावधि भित्र सम्झौता गर्न नआएकोले उक्त फर्मवाट पेश भएको जमानत रकम जफत गरी फर्मलाई कालोसूचीमा राख्न सम्वन्धित निकायमा सिफारिस गर्ने र दोस्रो धेरै रकम कवोल गर्ने साइनहव प्रा.लि., विराटनगरलाई सम्झौताको लागि पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

आ.व. २०८२/०८३ को देहाय बमोजिमको संक्षिप्त कार्य तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | क्रियाकलाप | समय | जिम्मेवार |
|---|---|---|---|
| १ | आयोजना कार्यक्रम कार्यान्वयनका लागि खरिद योजना निर्माण/स्वीकृत | २०८१ भाद्र २० सम्म | शाखा/ वडा कार्यालय |
| २ | उपभोक्ता समिति गठन | असोज १० सम्म | वडा कार्यालय |
| ३ | लागत अनुमान तयारी | भाद्र/आश्विन | पूर्वाधार विकास शाखा/ वडा कार्यालय |
| ४ | ठेक्काबाट सञ्चालन हुने आयोजनाको ठेक्का आब्हान | असोज १० सम्म | पूर्वाधार विकास शाखा/ योजना अनुगमन शाखा |
| ५ | कार्यक्रम समिक्षा | कार्तिक/माघ/बैशाक/श्रावण | शाखा/ वडा कार्यालय |
| ६ | उपभोक्ता समिति संग सम्झौता | कार्तिक १५ सम्म | शाखा/ वडा कार्यालय |
| ७ | योजना कार्यक्रमको कार्यान्वयन/ भुक्तानी | २०८३ जेष्ठ मसान्त सम्म | शाखा/ वडा कार्यालय |
| ८ | सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन | कार्तिक, फाल्गुण र जेष्ठ | शाखा/ वडा कार्यालय |
| ९ | अनुगमन (योजना तथा कार्यक्रम/ बजार/सहकारी/अन्य | प्रत्येक बुधवार | अनुगमन समिति |

निर्णय नं. ४

यस गाउँपालिकाका देहायका जग्गाहरु भू बर्गिकरणमा छुट भएको भनी बर्गिकरणको लागि पेश हुन आएकोले देहायका जग्गा देहायका बर्गमा पर्ने निर्णय गरियो ।

| सि.नं. | जग्गाधनिको नाम | सिट नं. | कि.नं. | क्षेत्रफल | बर्गिकरण क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री फुलमती श्रेष्ठ | बेनीघाट ८/क | १४३४ | ०-३-२-१ | व्यवसायिक | |
| २ | श्री किर्ति बहादुर श्रेष्ठ | बेनीघाट ८/क | १४५१ | १-६-३-२ | व्यवसायिक क्षेत्र | |
| ३ | श्री छन्द लाल श्रेष्ठ | बेनीघाट ८/क | १२११ | ०-३-३-० | व्यवसायिक क्षेत्र | |
| ४ | श्री छन्द लाल श्रेष्ठ | बेनीघाट ८/क | १२०९ | १-५-०-० | व्यवसायिक क्षेत्र | |

[signature] पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बेनीघाट रोराङ गाउँ कार्यपालिकाको कार्यालय, धादिङ

CamScanner

**निर्णय नं. ५**

**संघ तथा प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम अन्तर्गत प्राप्त बजेटको परिधि भित्र रही तलव भत्ता उपलब्ध गराउने गरी देहायका पदमा कर्मचारी करारमा लिने निर्णय गरियो**

| सि.नं. | कार्यक्रमको नाम | कर्मचारीको पद तह | उपलब्ध गराउने पारिश्रमिक | कैफियत |
|---|---|---|---|---|
| १ | मनोसामाजिक परामशकर्ता (सहायक पाचौं तह) को करार) | मनोसामाजिक परामर्शकर्ता (सहायक) | मासिक रु २०,००० | |
| २ | नागरक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान | वैध (सहायक चौथो) | सहायक चौथो तहले प्राप्त गर्ने सुरु स्केल | |
| ३ | म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | जन-स्वास्थ्य अधिकृत (अधिकृत सातौं) | अधिकृत सातौं तहले प्राप्त गर्ने सुरु स्केल | |
| ४ | एक पालिका एक भेटेरिनरी डाक्टर | भेटेरिनरी डक्टर (अधिकृत छैटौ) | अधिकृत छैटौं तहले प्राप्त गर्ने सुरु स्केल | |

निर्णय नं. ६

गाउँपालिकाको विभिन्न स्वास्थ्य सस्थाहरुमा कर्मचारी कम रहेको कारण सेवा प्रवाहमा समस्या भएकोले देहायका पदमा करार सेवामा लिने निर्णय गरियो ।

१. अ.हे.व. सहायक चौथो पद संख्या ३

२. अ.न.मी. सहायक चौथो पद संख्या १

निर्णय नं. ७

वेनीघाट रोराङ गाउँपालिका करारमा कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधी, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

देहायका फर्महरुलाई "घ" वर्गको इजाजत उपलब्ध गराउने निर्णय गरियो ।

क. ए.एस.एल कन्स्ट्रक्सन एण्ड सप्लायर्स

ख. रिदिभा कन्स्ट्रक्सन

निर्णय नं. ९

श्री पूर्वाधार विकास कार्यालय, धादिङ र निर्माण व्यवसायी श्री काष्टमण्डप कन्स्ट्रक्सन प्रा.लि.बीचमा भएको सम्झौता अनुसार Contract No. IDODHADING/W/NCB/MYR-04/2081/082 (Malekhu Khola Kudule Talti Sadak Staronnati, Benighat Rorang-2 and 3, Dhading) को निर्माण कार्य भैरहेको व्यहोरा जानकारी गराई निर्माण कार्य अवधिभरको लागि यस पालिकाको वडा नं. ४ मा अस्थायी क्रसर अनुमति प्रदान गरी विकास निर्माण कार्यमा सहयोग गरिदिने व्यहोराको श्री पूर्वाधार विकास कार्यालय धादिङको च.नं. ७९, मिति २०८२ /०५/१२ गतेको पत्रबाट अनुरोध भै आएको सन्दर्भमा छलफल हुँदा बढीमा छ महिना अवधिको लागि माग बमोजिम श्री काष्टमण्डप कन्स्ट्रक्सन प्राइभेट लिमिटेडलाई क्रसरको अस्थायी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

CamScanner